# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः३५ मितिः २०८१।०८।१०

## भाग-२

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

**श्रोत पुनःप्रासी केन्द्रबाट निस्कने सामाग्री विक्रि सम्बन्धी कार्यविधि20 ,८१**

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०७।२७
प्रमाणीकरण मितिः २०८१।०८।१० गते

# श्रोत पुनःप्रासी केन्द्रबाट निस्कने सामाग्री विक्रि सम्बन्धी कार्यविधि20 ,८१

## प्रस्तावनाः

इनरुवा नगरपालिका क्षेत्रबाट निस्कने फोहोरलाई दैनिक संकलन गरी नगरपालिकाले संचालनमा ल्याएको श्रोत पुनःप्रासी केन्द्रमा कर्मचारीहरु र मेसिनको प्रयोग गरी दैनिक रुपमा फोहोरलाई वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्य भैरहेकोमा उक्त केन्द्रमा संकलन हुने विभिन्न अजैविक सामाग्रीहरु र जैविक सामाग्रीबाट तयार गरिएको कम्पोष्ट मल लागयतको सामग्रीहरु व्यवस्थापन तथा विक्रि वितरण गर्न वान्छनिय भएकोले,

इनरुवा नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>

(क) यो निर्देशिकाको नाम **"श्रोत पुनःप्रासी केन्द्रबाट निस्कने सामाग्री विक्रि सम्बन्धि कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा र व्याख्याः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"श्रोत पुनःप्रासी केन्द्र"** भन्नाले इनरुवा नगर क्षेत्रको फोहोरलाई व्यवस्थापन गर्न नगरपालिकाले संचालनमा ल्याएको फोहोरमैला व्यवस्थापन केन्द्रलाई जनाउँछ ।

(ख) **"जिल्ला दररेट"** भन्नाले सम्बन्धित निकायबाट सुनसरी जिल्लाका लागि तोकिएको सार्वजनिक कामकाजमा प्रयोग हुने विभिन्न सामाग्रीहरुको दररेटलाई जनाउँछ ।

(ग) **"नगर दररेट"** भन्नाले जिल्ला दररेटमा नबढ्ने गरी इनरुवा नगर कार्यपालिकाले सार्वजनिक कामकाजमा प्रयोग हुने विभिन्न सामाग्रीहरुको दररेटलाई जनाउँछ । जनाउँछ।

(घ) **"केन्द्र"** भन्नाले श्रोत पुनःप्रासी केन्द्रलाई जनाउँदछ ।

(ङ) **"स्थानीयबासी"** भन्नाले श्रोत पुनःप्रासी केन्द्र आसपासका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

३. **<u>श्रोत पुनःप्रासी केन्द्र संचालनः</u>** (१) नगरपालिका क्षेत्र भित्र उत्पादन हुने फोहोरमैलालाई व्यवस्थित रुपमा ढुवानी गर्ने र फोहोरलाई वर्गीकरण गरी व्यवस्थापन गर्न श्रोत पुनःप्रासी केन्द्र संचालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको श्रोत पुनःप्रासी केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिकको हित हुने र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अबलम्बन गर्ने गरी केन्द्रको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको श्रोत पुनःप्रासी केन्द्रमा काम गर्ने जनशक्तीको नियुक्ती र श्रोत पुनःप्रासी केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) उपदफा (१) बमोजिमको श्रोत पुनःप्राप्ती केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार सङ्घीय सरकार र प्रदेश सरकारको समन्यवयमा गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको केन्द्रको अल्पकालिन, मध्यमकालिन र दिर्घकालिन योजना बनाई नगरपालिकाको आर्थिक क्षमताको आधारमा क्रमश अगाडी बढाइनेछ ।

(६) उपदफा (१) बमोजिमको श्रोत पुनःप्राप्ती केन्द्रको व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको बासिन्दाहरुको आवश्यक सल्लाह, सुझाव, सहभागीता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको श्रोत पुनःप्राप्ती केन्द्रमा संकलन भएका फोहोरमैलालाई जनशक्ती र मेसिनको प्रयोग गरी अनुसूची १ बमोजिमको क्षेत्रमा वर्गीकरण गरी छुट्टा छुटै राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) उपदफा (१) बमोजिमको श्रोत पुनःप्राप्ती केन्द्रमा संकलन भएका फोहोरमैलाबाट वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलने व्यवस्था मिलाउनु पर्नेछ ।

४. **<u>आम्दानी बाध्ने:</u>** दफा ३ को उपदफा ७ बमोजिम वर्गीकरण गरी छुटयाइएको सामाग्रीहरुको दैनिक/साप्ताहिक/मासिक रुपमा तौल/गणना गरी आम्दानी बाध्नु पर्नेछ ।

५. **<u>विक्रि वितरण गर्ने:</u>** (१) दफा ४ बमोजिम आम्दानी बाधिएका सामाग्रीहरु मध्ये जैविक फोहोरबाट मल उत्पादन गरी विक्रि गर्ने, हानिकारक फोहोरमैला उत्पादन गर्ने संस्था/व्यक्ति/कार्यालयले मानव स्वास्थ्यमा असर नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ र अजैविक सामाग्रीहरु विक्रि गर्न तपसिलको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

क. जिल्ला दररेट र नगर दररेटमा यस किसिमका सामाग्रीहरुको दररेट भएमा सोहि बमोजिम र नभएको हकमा यस किसिमको सामाग्री विक्रि गर्न कम्तिमा ३ वटा फर्म संग दररेट माग गर्ने,

ख. तिन वटा दररेटको औषत मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य कायम गर्ने,

ग. हाल संकलन भएको सामाग्रीहरुको मात्रालाई आधार मानी वार्षिक अनुमानीत विवरण तयार गर्ने

घ. सामाग्री विक्रिका लागि कम्तिमा ७ दिने सूचना स्थानीय पत्रपत्रिका, वेवसाइट र सूचना पाटीमा सार्वजनिक गर्ने,

ङ. सबै भन्दा बढी अंक कबोल गर्ने फर्म/कम्पनीसंग सम्झौता गरी सामाग्री विक्रि गर्ने

(२) उपदफा १ बमोजिम विक्रि गरी प्राप्त भएको रकम नगरपालिकाको आन्तरीक श्रोतमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम २ पटक सम्म सार्वजनिक सूचना जारी गर्दा समेत कुनै फर्म/कम्पनीले बोलपत्र नसकारेमा नगर कार्यपालिकाको निर्णय बमोजिम विक्रि प्रक्रिया अघि बढाइनेछ ।

६. **विविधः**

**६.१.** नगरपालिकाले सार्वजनिक नीजि साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गरेमा RFP Document नगर कार्यपालिकाबाट स्वीकृत गरी उक्त डकुमेन्टमा तोकिएको शर्तको अधिनमा रहि केन्द्रबाट निस्कने सामाग्रीहरु विक्रि गर्न सकिनेछ ।

**६.२.** यस कार्यविधिमा कुनै संशोधन भएमा सो संशोधन भन्दा अघि कार्यविधि बमोजिम भएका कार्यमा कुनै असर पर्ने छैन् ।

**६.३.** यो कार्यविधिमा कुनै व्यवस्था प्रचलित कानूनको व्यवस्थासंग बाझिन गएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

**अनुसूची-१**

**श्रोत पुनःप्राप्ती केन्द्रबाट निस्कने फोहोरमैलाको वर्गीकरण**

| **साधरण फोहोरमैला** | | | **हानीकारक फोहोरमैला** | |
|---|---|---|---|---|
| **जैविक** | **अजैविक** | **अन्य** | **स्वास्थ्य संस्थाजन्य** | **औद्योगिक** |
| भान्साको फोहोर | प्लास्टिक झोला | निर्माण सामाग्रीजन्य | म्याद नाघेका औषधि | केमिकल |
| बचेको खाना | प्लास्टिक बोतल | पशुपंछी जन्य फोहोर | सिरिन्ज निडिल | विषालु ग्यास खरानी |
| कागज | प्लास्टिक बोरा | मान्छेको कपाल | धारिला हातहतियार | हेभि मेटल मर्करी |
| तरकारी तथा फलफुलको बोक्रा | बियर बोतल | | पन्जा माक्स | रंग केमिकल फर्टीलाइजर |
| पात पतिङ्गर झारपात | रक्सि बोतल | | काटिएका शरिरका अंग र रगत | |
| धुलो कसिङ्गर | कार्टुन | | | |
| | रेडबुल क्यान | | | |
| | मिक्स क्यान | | | |
| | पुरानो कपडाजुत्ता , | | | |
| | क्रेट तथा फुड प्याकिङ्ग प्लास्टिककुर्सी समेत ,आरी , | | | |
| | कालो प्लास्टिक झोला | | | |
| | मेटेरियल प्याकिङ्ग बोतल (हर्पिक आदि ,सेम्पो) | | | |
| | तेल प्याकिङ्ग जर्किन | | | |
| | थर्मकोल | | | |
| | अन्य | | | |

**आज्ञाले,**
**डिल्लीराज निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**